अनुसूची-१६
दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित

## वनपैदावार लिलाम बिक्रीको विस्तृत सूचना
## श्री जनजागृति सामुदायिक वन उपभोक्ता समूह, चुरे ३ सहजपुर, कैलाली

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०७८/०४/१७

श्री जनजागृति सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित लिसापानी घाटगद्दीमा लट नं. १ कायम गरिएको निम्न परिमाणको काठ र दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, सङ्घ, संस्था, फर्म, वाकम्पनीले यो सूचना सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि सिलवन्दी बोलपत्र २२ औं दिनमा दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**१.वन पैदावारको विवरण :-**

| लट नं. | जात | किसिम | ग्रेड | थान | क्यू.फी. | कैफियत |
|---|---|---|---|---|---|---|
| १-२०७८/०७९ | सल्लो | गोलिया काठ | B | १०७ | ६०३.९१ | |
| | जामुन | गोलिया काठ | B | १ | ६.३५ | |
| | | | जम्मा | १०८ | ६१०.२६ | |
| | अन्य जात | दाउरा | २.५० चट्टा | | | |

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिममिति :२०७८/०५/०६ (ख) समय : अपरान्ह २:०० बजेसम्म

३. बोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंकमा रहेको ४१७०१००००४७८२००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेन्टी समावेश हुनु पर्नेछ ।

४. बोलपत्र फारम प्रति लटको रु.१०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय धनगढी, कैलालीबाट खरिद तथा दाखेला गर्न सकिने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन कम्पाउण्डमा रहेको घाटगद्दी स्थनमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कर दर्ता प्रमाण पपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि वा स्थायी लेखानम्बर (पि.ए.एन.) दर्ता प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम् संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०७८/०५/०६ मा अपरान्ह २:०० बजे पछि साक्षीहरुको रोहबरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्तभएको १० (दश) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०.बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित छ ।

११. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने दिन बिदा परेमा सो कार्य क्रमशःबिदाको भोली पल्टहुनेछ ।

१२. लिलाम हुने काठ र दाउरा सडक कार्यालयबाट हस्तान्तरण भई आएकोले संकलन खर्च नियमानुसार दाखिला गर्नु पर्नेछ ।

Scanned with CamScanner